# राप्ती सोनारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अगैया, बाँके
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०७७/०७८ मितिः २०७७/०७/१९
चलानी नं.

**करार पदपुर्ती सम्बन्धि जरुरी सुचना**
**प्रथम पटक प्रकाशित सूचना मितिः २०७७/०७/१९**

यस राप्ती सोनारी गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालयमा रिक्त रहेको सुचना प्रविधि अधिकृत पद करार सेवाबाट पदपुर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रित पूर्वक आवेदन भरि पेश गर्नुहुन देहाय बमोजिमको विवरण सहित दरखास्त आव्हान गरिएको छ ।

**तपशिल**

| वि.न. | पद | तह | सेवा | संख्या |
|---|---|---|---|---|
| ०७७/०७८/३ | सूचना प्रविधि अधिकृत | अधिकृत स्तर छैठौ तह | करार | १ (एक) जना |

**आवेदन गर्ने मितिः-** सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र र १५ औ दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिनमा ।

**आवश्यक कागजातहरुः-** शैक्षिक प्रमाणपत्रका प्रतिलिपिहरु, नागरिकता प्रमाणपत्रको प्रतिलिपि ३ प्रति अटो साइजको फोटो लगायतका कागजातहरु ।

**आवेदन शुल्कः-** रु १०००/ (एक हजार) मात्र

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः-** लोकसेवा आयोगले कम्प्युटर अधिकृत वा सुचना प्रविधि अधिकृतका लागि तोकेको शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ । मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technologies वा सो सरहको विषयहरु मध्य कुनै एक विषय लिई स्नातक तह (BIT, BIM, BBIS, BCA, BEIT, BSc, IT, CSIT) उपाधि उतिर्ण गरेको हुनु पर्नेछ । तर नेपाल बाहेकका मुलुकका शिक्षण संस्थामा अध्यरत गरेको हकमा समकक्षता अनिवार्य हुनेछ ।

**सेवा सुविधाः-** स्थानीय तहको अधिकृत छैठौ सरहका लागि नेपाल सरकारले तोकेको सेवा सुविधा पाउने ।

**छनौट परीक्षाको किसिमः-** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई को मिति २०७४/०७/१७ गतेको परिपत्र बमोजिम हुनेछ ।

**सम्पर्क मितिः-** आवेदन दिने अन्तिम मिति लगत्तै कार्यालय खुलेको दिन विहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म ।

**समयावधिः-** करार बमोजिम ।

अस्वीकृत भएका दरखास्त फारमको आवेदन शुल्क फिर्ता हुनेछैन ।

**उमेर हदः-** २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

**पदमा रही कामकाज गर्नुपर्नेः-** विज्ञापित पदमा यस कार्यालयबाट तोकिएको कार्य विवरण बमोजिम ।

कुनैपनि शर्त राखि पेश भएका आवेदन स्वीकृत गरिने छैन ।

नर बहादुर बि.क.
प्रमुख प्रशासकीय अधिकृत